नेपाल सरकार

शहरी विकास मन्त्रालय

पदाधिकारी सिफारिश समितिको सचिवालय, सिंहदरवार

(प्रथम पटक प्रकाशन मितिः २०७६।१०।१८)

यस मन्त्रालय अन्तर्गत अन्तर्राष्ट्रिय सम्मेलन केन्द्र नयाँ वानेश्वरको रिक्त रहेको कार्यकारी निर्देशक पद खुला प्रतियोगिताबाट पूर्ती गर्नुपर्ने भएको हुँदा "शहरी विकास मन्त्रालय सम्वद्ध सार्वजनिक निकायका पदाधिकारीको नियुक्ति तथा मनोनयन निर्देशिका, २०७६" को दफा ३ बमोजिम देहाय बमोजिम योग्यता पुरा भएको व्यक्तिले यो सूचना प्रथम पटक प्रकाशित मितिले २१ दिन भित्र तोकिए बमोजिमको ढाँचामा दरखास्त पेश गर्नु हुन निर्देशिकाको दफा १० बमोजिम यो सूचना प्रकाशन गरिएको छ । दरखास्त वुझाउन अन्तिम दिन सार्वजनिक विदा परेमा सो पछि लगत्तै कार्यालय खुलेको दिन दरखास्त फाराम पेश गर्न सकिने छ ।

१. आवश्यक योग्यता

(क) प्रशासन, व्यवस्थापन, अर्थशास्त्र वा कानूनमा मान्यता प्राप्त विश्वविद्यालयबाट कम्तीमा स्नातकोत्तर उत्तिर्ण गरेको ।

(ख) कुनै संगठित संस्था वा निकायमा व्यवस्थापकको हैसियतले कम्तीमा पाँच वर्षको कार्य अनुभव हासिल गरेको ।

(ग) व्यवस्थापन वा सभा सम्मेलन व्यवस्थापनमा विशेष ज्ञान वा अनुभव भएको ।

२. पारिश्रमिक तथा सुविधाहरुः

(क) नेपाल सरकारले तोके बमोजिम हुनेछ ।

३. दरखास्त फारामसाथ संलग्न राख्नु पर्ने कागजातः

(क) नेपाली नागरिकताको प्रमाणित प्रतिलिपी

(ख) व्यक्तिगत विवरण

(ग) शैक्षिक प्रमाणपत्रको प्रमाणित प्रतिलिपि

(घ) अनुभव खुल्ने कागजातको प्रमाणित प्रतिलिपि

(ङ) अन्तर्राष्ट्रिय सम्मेलन केन्द्रको सुधारका व्यवसायिक कार्य योजना (५ हजार शब्दमा नवढाई) को छुट्टै शिलवन्दी खाम ।

**द्रष्टव्यः** व्यवसायिक कार्य योजना प्रस्तुतीकरण र अन्तवार्ता हुने स्थान, समय र मिति उम्मेदवारको अन्तिम सूची प्रकाशन गर्दा तोकिने छ ।

**नोटः** दरखास्त फारामको ढाँचा वा अन्य आवश्यक जानकारी कर्मचारी प्रशासन शाखा वा मन्त्रालयको वेभसाइट www.moud.gov.np बाट समेत डाउनलोड गरी प्राप्त गर्न सकिने छ ।